# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ८, संख्या : ७, असार ३१ गते, २०८१ साल**


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (प्रथम संशोधन), २०८१

सभाबाट पारित मिति : २०८१।३।२५

व्यास नगरपालिका कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम व्यास नगरपालिकाको नगर सभाबाट व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

१. दफा २ "(ट) "कर तथा गैरकर" भन्नाले कर, शुल्क र दस्तुर एवं जरिवाना समेत सम्झनु पर्छ" **भन्ने थप** गरिएको छ ।

२. दफा २ "(ठ) "धरौटी" भन्नाले कुनै व्यवसायीले नगरपालिकाको भवनमा व्यवसाय गरे वापत भाडा तिर्ने अवधिका लागि राखिएको रकम र आय ठेक्का वापत नियमानुसार राख्ने रकम सम्झनु पर्छ" **भन्ने थप** गरिएको छ ।

३. दफा २ "(ड) "सम्पत्ति रोक्का" भन्नाले नगरपालिकालाई बुझाउन पर्ने कर तथा गैरकर रकम र नगरपालिकाको भवनमा उद्योग, व्यवसाय गर्ने व्यक्ति वा संस्थाले सम्झौतामा उल्लेखित भाडा रकम समयमा नतिरेमा वा नबुझाएमा निजको नाउँमा रहेको चल अचल सम्पत्ति रोक्का राख्ने सम्झनु पर्छ" **भन्ने थप** गरिएको छ ।

४. दफा २ "(ढ) "आय ठेक्का" भन्नाले नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका विभिन्न आन्तरिक आय हुने क्षेत्रहरुमा लगाउने ठेक्का सम्झनु पर्छ" **भन्ने थप** गरिएको छ ।

५. दफा २ "(ण) "सम्पत्ति जफत" भन्नाले कुनै व्यक्ति वा संस्थाले नगरपालिकालाई तिर्न र बुझाउन बाँकी रहेको कर तथा गैरकर वापतको रकम निजको सम्पत्ति जफत गरी बिक्री वितरणबाट प्राप्त रकम असुल उपर गर्ने सम्झनु पर्छ" **भन्ने थप** गरिएको छ ।

६. दफा १० (५) (ङ) "राजश्व व्यवस्थापन उपशाखा प्रमुख -सदस्य सचिव **को सट्टा** "राजश्व व्यवस्थापन शाखा प्रमुख -सदस्य सचिव" राखी संशोधन गरिएको छ ।

७. दफा **१९क "वातावरण एवं निकासी शुल्क :** नगरपालिका क्षेत्रभित्रबाट निस्काशित विभिन्न कवाडीजन्य वस्तु, उद्योगबाट उत्पादित तथा स्थानीय प्राकृतिक श्रोत साधन निकासी गर्दा वातावरणमा पर्न जाने असर वापत शुल्क लगाइने छ" **भन्ने दफा थप** गरिएको छ ।

८. दफा **१९ख "प्राकृतिक श्रोत साधन कर :** नगरपालिका क्षेत्रभित्रबाट उत्पादन हुने प्राकृतिक श्रोत साधन (ढुङ्गा, गिटी, वालुवा, चुन ढुङ्गा आदि) बिक्री वापत कर लिइनेछ" **भन्ने दफा थप** गरिएको छ ।

९. दफा **१९ग "सरसफाई शुल्क :** नगरपालिका क्षेत्रभित्र सरसफाईका साधन प्रयोग गरी फोहोर मैला सङ्कलन गरी व्यवस्थापन गरे वापत शुल्क लिइनेछ" **भन्ने दफा थप** गरिएको छ ।

१०. दफा **१९घ "वहाल बिटौरी कर (घर भाडा) :** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको भवन तथा जग्गा भाडामा लगाउन सक्नेछ । यसरी भाडा लगाउँदा राजश्व परामर्श समिति एवं अध्ययन कार्यदलद्वारा सिफारिस भएको भाडा दरलाई कार्यपालिकाको निर्णय अनुसार खुल्ला प्रतिस्पर्धाद्वारा भाडामा लगाउनु पर्नेछ । भाडामा लगाउन प्रथम पटक बढीमा पाँच वर्षभन्दा बढी समयावधिको सम्झौता गरिने छैन । तर प्रत्येक दुई/दुई वर्षमा भाडा दरमा केही निश्चित प्रतिशत थप गर्न बाधा पर्ने छैन ।"

"(२) उपदफा (१) बमोजिमको भाडा दरलाई हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ । यसरी भाडा दर पुनरावलोकन गर्दा सम्झौताको अवधि पुरा हुनुभन्दा तीन महिना अगावै भाडा पुनरावलोकन समितिले भाडा दर पुनरावलोकन गरी कार्यपालिका समक्ष पेश गर्नेछ । सो सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाको निणयानुसार हुनेछ" **भन्ने दफा/उपदफा थप** गरिएको छ ।

११. दफा **१९ङ "आय ठेक्का सम्बन्धी :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आय ठेक्का लगाउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ" **भन्ने दफा थप** गरिएको छ ।

१२. दफा **२९क "धरौटी सम्बन्धी व्यवस्था :** नगरपालिकाको स्वामित्वमा रहेको भवन तथा जग्गामा पेशा व्यवसाय गर्ने व्यक्तिले कम्तिमा तीन महिना बराबरको रकम धरौटी वापत नगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ" **भन्ने दफा थप** गरिएको छ ।

१३. दफा **३० "कर असुली सम्बन्धी अन्य व्यवस्था :** (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापत रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कार्यालयबाट प्रदान गरिने सेवा तथा सिफारिस रोक्का गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ" **भन्नेको सट्टा "कर तथा गैरकर असुल सम्बन्धी अन्य व्यवस्था :** (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर तथा गैरकर, ब्याज र शुल्क वापत रकम तोकिएको अवधिमा दाखिला नगरेमा कार्यालयबाट तीन पटकसम्म पत्राचार गरिनेछ । सो गर्दा समेत रकम तिर्न नआए नगरपालिकाबाट प्रदान गरिने अत्यावस्यक सेवा/सुविधा वाहेक अन्य सबै सेवा/सुविधा बन्द गरिनेछ । सार्वजनिक सेवा प्रवाह बन्द गरेको तीन महिनासम्म पनि रकम नतिरेमा सम्पत्ति रोक्का राखी लिलाम बिक्रीबाट असुल उपर गरिनेछ" राखी संशोधन गरिएको छ ।

१४. दफा ३० को उपदफा (१) **पछि थप** "(२) नगरपालिकाको स्वामित्वमा रहेको भवन तथा जग्गामा पेशा व्यवसाय गर्ने व्यक्ति वा संस्थाले सम्झौतामा तोकिए बमोजिम मासिक भाडा हरेक महिना समाप्त भएपछि ७ गतेभित्र बुझाएमा दुई प्रतिशत छुट हुनेछ । सो अवधि पछि सोही महिनाको १५ गतेसम्म भाडा रकम दाखिला गरेमा छुट वा जरिवाना हुने छैन र १६ औं दिनदेखि सो महिनाभित्र बुझाएमा दुई प्रतिशत जरिवाना लाग्नेछ, त्यसपछि प्रति महिना ५ प्रतिशतका दरले थप जरिवाना लाग्नेछ ।"

"(३) नगरपालिकाको स्वामित्वमा रहेको भवन तथा जग्गामा पेशा व्यवसाय गर्ने व्यक्ति वा संस्थाले सम्झौतामा तोकिए बमोजिम मासिक भाडा बुझाउनु पर्नेछ । दुई महिनासम्मको मासिक भाडा समयमा नबुझाएमा निजलाई पत्राचार गरी तिर्न बुझाउन लगाउनु पर्नेछ । तर तीन महिनासम्म पनि तिर्न बुझाउन नआएमा धरौटी वापत राखिएको रकम जफत गरी असुल उपर गरिनेछ । यसका लागि हालको मासिक भाडाको कम्तिमा तीन महिना बराबरको रकम नगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।"

"(४) व्यवसायीले तोकिएको समयमा भाडा नबुझाएमा दुई पटकसम्म पत्राचार गरिनेछ र सो गर्दा पनि भाडा तिर्न नआएमा निजको पसल कवल बन्द गरिनेछ र सो गर्दा पनि भाडा बुझाउन नआएमा धरौटी रकम जफत गरी निजको सम्झौता रद्द गरिनेछ ।"

"(५) उपदफा (४) बमोजिमको प्रकृया गर्दा पनि निजले आफ्नो सामान नलगेमा सरकारी कार्यालयको रोहवरमा सामान हटाई उक्त पसल कवल पुनः भाडामा लगाउन सक्नेछ । सम्झौता रद्द भएको पैतीस दिनभित्र सामान लैजानका लागि निवेदन दिएमा सामान फिर्ता दिन सकिनेछ । तर सो समयावधि भित्र पनि सामान नलगेमा कार्यालयले नियमानुसार लिलाम गरी प्राप्त रकम नगरपालिकाको राजश्व खातामा दाखिला गरिनेछ ।"

१५. दफा **३१क थप "गैरकर तथा राजश्व ठेक्का लगाउने सम्बन्धमा :** (१) नगरपालिकाले आन्तरिक आम्दानीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्रका कुनै कर तथा गैरकर उठाउनका लागि ठेक्का लगाउन सक्नेछ । यसरी ठेक्का लगाई नियमानुसार कवोल गरेको अङ्कको पच्चीस प्रतिशत रकम सम्झौताका बखत अग्रिम बुझाउनु पर्नेछ र बाँकी पचहत्तर प्रतिशत रकम तीन किस्तामा तोकिएको आर्थिक वर्षभित्र बुझाउनु पर्नेछ । तर निजले कवोल गरेको ठेक्का रकम एकमुष्ठ रुपमा बुझाउन कुनै बाधा पर्ने छैन । यसरी एकमुष्ठ रकम बुझाएमा पाँच प्रतिशत छुट गरिनेछ ।"

"(२) उपदफा (१) बमोजिम ठेक्का लगाउँदा निजले बुझाउनु पर्ने बाँकी ठेक्का रकमभन्दा दश प्रतिशत बढी रकम बैंक जमानत पेश गर्नु पर्नेछ ।"

१६. दफा ४९ (१) "खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्व आधार र कारण खुलाई कार्यपालिकाले निर्णय गरी आंसिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ" **भन्नेको सट्टा** "खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको कर वा गैरकर, राजश्व आधार र कारण खुलाई नगर सभाले छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ" राखी संशोधन गरिएको छ ।

आज्ञाले<br>
काशी राम गैरे<br>
प्रमुख प्रशासकीय अधिकृत